# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२३ बारा, २०८३ असोज १९ गते सोमबार / दशमी / नेपाल संवत् ११४६ / Monday, October 5 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच


## रास्वपा पालिका सभापतीहरुद्वारा जिल्ला अधिवेशनको माग



निजगढ,१८ असोज/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बारा जिल्लाका पालिका सभापतीहरुले लामो समयदेखि स्थगित जिल्ला अधिवेशन तत्काल आयोजना गर्न माग गरेका छन ।

जिल्लाका विभिन्न पालिकाका सभापती र पदाधिकारीहरुले आज पार्टीका महामन्त्री विपिन आचार्यलाई काठमाण्डौंमा ज्ञापनपत्र बुझाउदै जिल्ला अधिवेशनको नयाँ मिति र स्थान यथाशीघ्र तोक्न आग्रह गरेका हुन ।

रास्वपाले बारा जिल्लाका अधिकांश पालिकामा वडा र पालिका तहको अधिवेशन सम्पन्न गरिसके पनि मिति र स्थान तोकेर पनि कार्यकर्ताबीचको विवादका कारण जिल्ला अधिवेशन भने आयोजना गर्न सकेको छैन ।

यसअघि निजगढमा जिल्ला अधिवेशन गर्ने मिति तोकिएको थियो । तर अधिवेशनको अघिल्लो दिन केन्द्रीय निर्वाचन आयोगले विशेष कारणभन्दै अधिवेशनको सम्पूर्ण प्रक्रिया स्थगित

*बाँकी तेश्रो पेजमा*

## बाढीमा बेपत्ता निजगढका दिनेश र राज विष्टको छोरालाई नि :शुल्क शिक्षा दिने होली एन्जल्स बोडिङ्गको घोषणा

निजगढ, १८ असोज/रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर बेपत्ता भएका निजगढ( ९ का दिनेश परियारका छोरा रोमन र राज विष्टका छोरा क्रिष्टलाई निजगढ ९ स्थित होली एन्जल्स इङ्लिस बोर्डिङ स्कुलले कक्षा १० सम्म निःशुल्क शिक्षा प्रदान गर्ने घोषणा गरेको छ ।

बोडिङ्गका सञ्चालक नारायणप्रसाद शर्माले गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा परेर बेपत्ता बनेका ३० वर्षीय परियारका एक्ला छोरा रोहन र ३९ वर्षीय विष्टका छोरा क्रिष्टको कक्षा १० सम्मको पठनपाठनको जिम्मा लिने घोषणा गर्नुभएको हो ।

शोकसन्तप्त परिवारमा समवेदना व्यक्त गर्ने क्रममा घरमै पुगेर शर्माले दुवैलाई निःशुल्क अध्यापन गर्ने जिम्मा लिनुभएको हो । सञ्चालक शर्माले दुवै



परिवारमा २२/२२ हजार आर्थिक सहयोग पनि गर्नुभएको छ ।

विपद्का कारण परिवार कठिन अवस्थामा रहेको र मानवीय सहयोग स्वरूप छोराको शिक्षा र परिवारमा नगद रकमसमेत सहयोग गरेको उहाँले बताउनुभयो । ७ वर्षिय रोहन र १२ वर्षिय क्रिष्ट यस अघिदेखि नै सोही विद्यालयमा अध्ययन गर्दैआएका छन ।

बुबा बाढीमा बेपत्ता भएपछि परिवारमा परेको दुःख र आर्थिक कठिनाइमा मद्दत गर्ने उद्देश्यले सहयोग गरिएको सञ्चालक शर्माको भनाइ छ ।

भोटेकोशी बाढीमा बेपत्ता भएपछि परिवार र आफन्तले खोजीका लागि निरन्तर पहल गरेका थिए । तर लामो समयसम्म अवस्था पत्ता लाग्न नसकेपछि परियारको ५ दिनअघि र विष्टको २ साताअघि धार्मिक विधिअनुसार कुशको शव बनाएर निजगढ ९ को बकैया आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

परियारको परिवारमा २६ वर्षिया पत्नी र ५५ वर्षिया आमा विष्णुकुमारी छन भने विष्टको परिवारमा छोरासहित श्रीमती छन ।

## पर्सामा लागुऔषध मुद्दाका फरार अभियुक्तसँग १० हजार घुस लिएको आरोपमा प्रहरी निरीक्षकसहित ३ जना प्रहरीमाथि छानबिन




वीरगञ्ज, १८ असोज/लागुऔषध मुद्दाका फरार अभियुक्तसँग १० हजार रुपैयाँ घुस लिएको आरोपमा पर्साको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षकसहित तीन जना प्रहरी जिल्ला प्रहरी कार्यालय पर्सामा तानिएका छन ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार लागुऔषध मुद्दाका फरार अभियुक्त बाबु(छोरालाई पक्राउ गरेपछि उनीहरूसँग रकम लिएर छाडिएको सूचना प्राप्त भएपछि घटनाबारे अनुसन्धान सुरु गरिएको थियो ।

अनुसन्धानका क्रममा प्रहरी हवल्दार र प्रहरी जवानसँगै प्रहरी निरीक्षकको समेत मिलेमतोमा रकम लिएको देखिएपछि तीनै जनालाई कार्यक्षेत्रबाट फिर्ता बोलाइएको पर्साका प्रहरी उपरीक्षक पवन भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार घुसबापत लिएको भनिएको रकमसमेत फेला परेको छ ।

घटनामा संलग्न रहेको आरोपमा इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारी, प्रहरी हवल्दार दीपक राउत र प्रहरी जवान पपु पण्डितलाई जिल्ला प्रहरी कार्यालय पर्सामा झिकाइएको हो ।

घटनाको विस्तृत अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पर्साले प्रहरी नायब उपरीक्षक राजु कार्कीको नेतृत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेको छ । समितिले घटनासम्बन्धी आवश्यक अनुसन्धान अघि बढाइरहेको प्रहरीले जनाएको छ

अनुसन्धान पूरा भएपछि समितिले तयार गर्ने प्रतिवेदन प्रहरी प्रधान कार्यालयमा पठाइने बताइएको छ । प्रतिवेदनका आधारमा इन्स्पेक्टर अधिकारीसहित तीनै जना प्रहरीमाथि थप कारबाहीका लागि प्रहरी प्रधान कार्यालयमा पठाउने तयारी रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## मृतक परिवारमा कांग्रेस निजगढको सहयोग



निजगढ, १८ असोज/रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीमा परी बेपत्ता भएका बाराको निजगढ नगरपालिका( ९ का राज विष्ट र दिनेश परियारको परिवारलाई नेपाली कांग्रेस निजगढले आर्थिक सहयोग गरेको छ ।

कांग्रेसले विष्ट र परियारको परिवारलाई ३०/३० हजार नगद सहयोग गरेको हो । पार्टी कार्यकर्ताहरुबाट संकलन गरेको सो रकम हस्तान्तरण गर्न कांग्रेस निजगढ नगर सभापती ज्ञानबहादुर गोले, कांग्रेस महासमिति सदस्य विष्णु खडकासहित कार्यसमितिको पदाधिकारीहरु उनीहरुको घरमा पुगेका थिए ।

यसअघि निजगढ एमालेले पनि बाढीमा बेपत्ता विष्ट र परियारको परिवारको लागि पक्क घर निर्माण गरिदिने घोषणा गरेको थियो ।

## गोदार थापा सेवा समाज बाराको अध्यक्षमा सम्झना चयन



निजगढ, १८ असोज/बारा जिल्लाको विभिन्न पालिकामा बस्दै आएका गोदार थापाहरुको जिल्ला सम्मेलन निजगढ( २ को सिंगौलमा सम्पन्न भएको छ । शनिवार सम्पन्न सम्मेलनले निजगढ ६ की सम्झना थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। समितिको उपाध्यक्षमा अमृत थापा, सचिवमा दिनेश थापा, कोषाध्यक्ष दिलिप थापा रहेका छन् ।

त्यस्तै सदस्यमा सुरेश थापा, सुमन थापा, सन्तोष थापा, मनकुमारी थापा, विन्दा थापा चयन भएका छन् ।

त्यस्तै निवर्तमान अध्यक्ष धनबहादुर थापालाई बारा जिल्ला सल्लाहकार चयन गरिएको छ ।

सम्मेलनको मधेस प्रदेशको श्रम तथा यातायात मन्त्री शारदादेवी थापाले गमलामा जलसेचन गरेर उद्घाटन गर्नुभएको थियो ।

## चन्द्रपुरमा होटल सञ्चालन र मदिरा बिक्रीको समय सीमा तोकियो




रौतहट १८ असोज/चन्द्रपुर नगरपालिका वडा नं. ८ मा शान्ति सुरक्षा तथा सामाजिक मर्यादा कायम राख्नका लागि वडा कार्यालयले होटल सञ्चालन तथा मदिरा बिक्री(वितरणमा नयाँ समय सीमा निर्धारण गरेको छ ।

वडा कार्यालयको निर्णय अनुसार असोज महिनादेखि मंसिर १९ गतेसम्म राति ९:०० बजेसम्म मात्र मदिरा बिक्री गर्न पाइनेछ । त्यस्तै, मंसिर २० गतेदेखि भने राति ८:३० बजेपछि मदिरा बिक्री(वितरणमा पूर्ण रूपमा रोक लगाइने निर्णय गरिएको छ ।

स्थानीयस्तरमा शान्ति(सुरक्षा चुस्त राख्न र अवाञ्छित गतिविधि नियन्त्रण गर्न यो कदम चालिएको वडा अध्यक्ष जितेन्द्रकुमार चौधरीले जानकारी दिनुभएको छ । नियमको पूर्ण रूपमा पालना गरी सहयोग गरिदिनुहुन सम्पूर्ण व्यापारी, व्यवसायी तथा सर्वसाधारणमा वडा कार्यालयले अनुरोध गरेको छ ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# कांग्रेस महाधिवेशन : पुस्ता रूपान्तरण होला ?

नेपाली कांग्रेसको १५औं महाधिवेशन पार्टीभित्रको पुस्तान्तरण, वैचारिक पुनर्जागरण र संगठनात्मक रूपान्तरणका दृष्टिले महत्वपूर्ण मोडमा उभिएको छ ।

सभापति गगन थापा पक्षले काठमाडौंमा सुरु गरेको महाधिवेशनले निर्वाचनपूर्वको गठबन्धन निषेध, युवा नेतृत्व र पार्टीभित्र सुधारका एजेन्डालाई प्राथमिकतामा राखेको छ। लामो समयदेखि एउटै पुस्ताका नेताहरूको प्रभावमा रहेको कांग्रेसमा नयाँ पुस्तालाई नेतृत्वमा ल्याउने प्रयास आफैंमा सकारात्मक संकेत हा। तर, यस प्रयासको वैधानिकता, स्वीकार्यता र पार्टी एकताको प्रश्न भने अझै अनुत्तरित छ ।

महाधिवेशनमा नेपाली कांग्रेसको संस्थापन पक्ष अर्थात् शेरबहादुर देउवा पक्ष सहभागी नहुनुले पुस्तान्तरणको बहसलाई थप जटिल बनाएको छ । नेतृत्वमा पुस्ता परिवर्तन हुनु मात्र पुस्तान्तरण होइन । विचार, कार्यशैली, संगठन सञ्चालनको संस्कार र निर्णय प्रक्रियामा समेत परिवर्तन आउनुपर्छ । पुरानो नेतृत्वलाई विस्थापित गरेर नयाँ नेतृत्व स्थापित गर्ने प्रक्रिया यदि अर्को गुटको वर्चस्व स्थापित गर्ने माध्यम मात्र बन्यो भने त्यसलाई वास्तविक रूपान्तरण मान्न सकिँदैन ।

देउवा पक्षले वर्तमान प्रक्रियालाई अस्वीकार गर्दै मङ्सिरमा समानान्तर महाधिवेशनको तयारी गर्नुले कांग्रेसभित्रको विभाजनलाई अझ गहिरो बनाउने जोखिम देखाएको छ। मुलुकको प्रमुख लोकतान्त्रिक पार्टीभित्र विधि, संवाद र सहमतिभन्दा व्यक्तिगत टकराव तथा गुटगत शक्ति परीक्षण हाबी हुनु स्वयं कांग्रेसका लागि मात्र होइन, नेपालको लोकतान्त्रिक अभ्यासका लागि पनि सुखद संकेत होइन। कांग्रेसभित्रको आन्तरिक विवाद लामो समयसम्म कायम रहँदा त्यसको प्रत्यक्ष असर संसद् र जनतामाझ उसको प्रतिपक्षी भूमिकामा पर्न सक्छ ।

यद्यपि नयाँ पुस्ताले नेतृत्व दाबी गर्नु र पुरानो पुस्ताले आफ्नो राजनीतिक विरासत जोगाउन खोज्नु स्वाभाविक राजनीतिक प्रक्रिया हो । प्रश्न यति मात्र हो( यो प्रतिस्पर्धा पार्टी निर्माणका लागि हो कि नेतृत्व कब्जाका लागि ? कांग्रेसले अब यही प्रश्नको जवाफ दिनुपर्छ । युवा नेतृत्वले पुरानो पुस्ताका सबै योगदानलाई अस्वीकार गर्ने र पुरानो पुस्ताले नयाँ पुस्ताको आकांक्षालाई रोक्ने प्रवृत्ति दुवैबाट पार्टीले मुक्ति पाउन आवश्यक छ ।

आइतबारको महाधिवेशनमा देउवा पक्ष सहभागी नहुनुले पनि प्रस्तावित पुस्तान्तरण कति समावेशी र स्वीकार्य बन्न सक्छ भन्ने प्रश्न उठाएको छ । नेतृत्व परिवर्तनको दाबी गर्ने महाधिवेशनमा पार्टीको एउटा महत्वपूर्ण पक्ष नै अनुपस्थित हुनु लोकतान्त्रिक प्रक्रियाको पूर्णतामाथि प्रश्न उठाउने विषय बन्न सक्छ । त्यसैले नयाँ नेतृत्वले आफ्नो शक्ति प्रदर्शनभन्दा पनि असन्तुष्ट पक्षलाई संवादमार्फत सहभागी गराउने क्षमता देखाउनुपर्नेछ ।

अबको चुनौती गगन थापा पक्षका लागि केवल महाधिवेशन सम्पन्न गर्नु होइन, त्यसबाट कांग्रेसलाई अझ एकताबद्ध, लोकतान्त्रिक र जनमुखी बनाउनु हो । त्यस्तै, देउवा पक्षले पनि आफ्नो असहमति राख्ने अधिकार प्रयोग गर्दा पार्टी विभाजनको दिशातर्फ जानेभन्दा सुधारका लागि संवादको बाटो रोज्नुपर्छ ।

कांग्रेसको पुस्तान्तरण सफल हुन नयाँ अनुहार मात्र पर्याप्त छैन । नयाँ सोच, नयाँ राजनीतिक संस्कार, पारदर्शी निर्णय प्रक्रिया र जनताप्रतिको जवाफदेहिता पनि त्यसको आधार बन्नुपर्छ । पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको ऊर्जा एकअर्काका प्रतिस्पर्धी होइन, सहयात्री बन्न सके मात्र कांग्रेसको वास्तविक रूपान्तरण सम्भव छ ।

त्यसैले १५औं महाधिवेशनको वास्तविक परीक्षा कसले सभापति जित्यो भन्नेमा मात्र हुनेछैन। यसले कांग्रेसलाई गुटको घेराबाट बाहिर निकालेर विधि, विचार र पुस्तान्तरणको साझा यात्रामा लैजान सक्छ कि सक्दैन भन्नेमा हुनेछ। कांग्रेस एकताबद्ध र लोकतान्त्रिक बन्न सके मात्र उसको पुस्तान्तरण सार्थक हुनेछ। अन्यथा नयाँ नेतृत्व आए पनि पुरानै गुटगत राजनीतिको पुनरावृत्ति हुने खतरा रहन्छ ।

# पाठ्यक्रममा जलवायु शिक्षा



- नेपालमा जलवायुजन्य जोखिम बढ्दो
- शिक्षा प्रणालीमा जलवायु ज्ञान र सिप
- पाठ्यक्रम जीवनसँग जोडिनु पर्छ
- विश्वविद्यालय समाधानको केन्द्र बन्नु पर्छ
- शिक्षाको उद्देश्य बदल्ने समय आएको छ



रविप्रसाद बराल

जलवायु सङ्कट आजको विश्वको गम्भीर चुनौती हो । बढ्दो तापक्रम, अनियमित वर्षा, बाढी, खडेरी र हिमनदी पग्लिँदै जाँदा नेपालमा जलवायुजन्य जोखिम बढ्दै गएको छ । हालै भोटेकोशी-त्रिशूलीमा आएको विनाशकारी हिमबाढीले यसको गम्भीर सङ्केत दिएको छ। हिमबाढीबाट बस्ती, सडक, पुल, जलविद्युत् आयोजना र विद्यालयमा क्षति पुगेको छ भने रसुवा, नुवाकोट र धादिङका धेरै बालबालिकाको पढाइ प्रभावित भएको छ । यस्तो सङ्कटको सामना गर्न शिक्षा प्रणालीले जलवायु ज्ञानसँगै व्यावहारिक सिप र जिम्मेवार व्यवहार विकास गर्न विशेष जोड दिनु पर्छ ।

पछिल्ला वैज्ञानिक अध्ययन र विश्लेषणले यस्ता घटनालाई सामान्य मनसुनी बाढीका रूपमा मात्र बुझ्न नहुने सङ्केत गरेका छन् । बढ्दो तापक्रम, हिमाली क्षेत्रमा भइरहेको तीव्र परिवर्तन, 'पर्माफ्रस्ट' पग्लिनु तथा बरफ, माटो र चट्टानको अस्थिरताले नयाँ र जटिल जोखिम सिर्जना गरिरहेका छन्। जलवायु सङ्कट अब वातावरणको मात्र विषय रहेन। यसले शिक्षा, स्वास्थ्य, अर्थतन्त्र, पूर्वाधार र बालबालिकाको भविष्यलाई प्रत्यक्ष असर गरिरहेको छ ।

पछिल्ला वर्षमा नेपालले बाढीपहिरो, हिमताल विस्फोट, डढेलो, खडेरी, अनावृष्टि र अतिवृष्टि जस्ता विपत्ति बारम्बार भोग्दै आएको छ । २०७१ सालको जुरे पहिरो, २०७४ सालको विनाशकारी बाढी, २०७८ सालको मेलम्ची बाढी, २०८० सालको कागबेनी बाढी, २०८१ सालको थामे हिमताल विस्फोट र गत भदौ १० गतेको भोटेकोशी-त्रिशूली हिमबाढीले नेपालको बढ्दो जलवायु तथा विपत् जोखिमलाई स्पष्ट रूपमा उजागर गरेका छन् ।

छोटो समयमा हुने अत्यधिक वर्षा, 'पर्माफ्रस्ट' र हिमनदी पग्लिनु, हिमताल फुट्नु, पहिरो, डढेलो, खडेरी र बढ्दो तापक्रम जस्ता जोखिम एकअर्कासँग जोडिन थालेका छन्। यस्तो अवस्थामा सुरक्षित र उत्थानशील समाज निर्माण गर्न शिक्षाको भूमिका अझ महत्वपूर्ण हुन्छ ।

### जलवायु शिक्षा अब विकल्प होइन

जलवायु परिवर्तनलाई विज्ञान वा वातावरण विषयको एउटा अध्यायमा सीमित गरेर अब पुग्दैन । यो हाम्रो दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो। हामी कहाँ बस्ने, पानी कसरी व्यवस्थापन गर्ने, खेती र पूर्वाधार कसरी विकास गर्ने, बाढीपहिरोबाट कसरी जोगिने र विपत्तिका बेला समुदायलाई कसरी सुरक्षित राख्ने भन्ने विषय जलवायु परिवर्तनसँग सम्बन्धित छन्।

युनिसेफले सन् २०२० मा दक्षिण एसियाका आठ देशका करिब २६ हजार युवामाझ गरेको सर्वेक्षणले जलवायु शिक्षामा ठुलो खाडल रहेको देखाएको थियो । नेपालका चार हजार १९७ सहभागीमध्ये केवल ३४ प्रतिशतले जलवायु परिवर्तन र भूमण्डलीय तापक्रम वृद्धिको व्याख्या गर्न सकेका थिए। यसले जलवायु शिक्षालाई अझ प्रभावकारी र व्यावहारिक बनाउनुपर्ने आवश्यकता देखाउँछ । विद्यार्थीलाई प्रकृतिप्रति जिम्मेवार बनाउने हो भने उनीहरूलाई आफ्नै वरिपरिको वातावरण बुझ्ने र अध्ययन गर्ने अवसर दिनु पर्छ ।

शिक्षाले मानिसको सोच, व्यवहार र जीवनशैली परिवर्तन गर्न सक्छ । त्यसैले विद्यार्थीलाई जलवायु परिवर्तनका कारण र प्रभावबारे जानकारी दिन तथा उनीहरूलाई स्थानीय जोखिम पहिचान गर्न, सही निर्णय लिन, समस्या समाधान गर्न र बदलिँदो परिस्थिति अनुकूलन गर्न सक्ने बनाउनु पर्छ।

नेपालका विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा जलवायु परिवर्तन, वातावरण संरक्षण र विपत् जोखिम न्यूनीकरणका विषय समावेश छन् तर यी विषय धेरै हदसम्म छुट्टाछुट्टै र सैद्धान्तिक पनि छन् । जलवायु सङ्कटलाई स्वास्थ्य, कृषि, पानी, अर्थतन्त्र, पूर्वाधार, पर्यटन, बसाइँसराइ र सामाजिक न्यायसँग जोडेर हेर्ने समग्र दृष्टिकोण अझै पर्याप्त रूपमा विकसित हुन सकेको छैन ।

विद्यार्थीले परीक्षामा जलवायु परिवर्तनको परिभाषा लेख्न सक्छन् तर के उनीहरू आफ्नै समुदायमा बाढीपहिरो, डढेलो वा पानीको अभाव जस्ता जोखिम पहिचान गर्न सक्छन् ? विपत्तिका बेला आफू र अरूलाई कसरी सुरक्षित राख्ने भन्ने व्यावहारिक ज्ञान उनीहरूसँग छ ? अब शिक्षाको प्रभावकारिता मापन गर्दा यस्ता प्रश्नलाई पनि उत्तिकै महत्व दिनु पर्छ ।

### जीवनसँग पाठ्यक्रम

सन् २०१९ मा पाठ्यक्रम विकास केन्द्रले जलवायु शिक्षाको पाठ्यक्रम विकास गरी प्रकाशन गरेको थियो । यसको उद्देश्य नागरिकलाई जलवायु परिवर्तनबारे सचेत बनाउनु तथा प्रकोपको जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न सक्षम बनाउनु हो तर नेपालको बदलिँदो जलवायु जोखिम र आवश्यकतालाई सम्बोधन गर्न यो पाठ्यक्रम मात्र पर्याप्त देखिँदैन । अब जलवायु शिक्षालाई कुनै एउटा विषयमा सीमित नराखी सामाजिक अध्ययन, भूगोल, गणित, स्वास्थ्य, कृषि, व्यवस्थापन, इन्जिनियरिङ र सूचना प्रविधिसँग जोडेर अन्तरविषयक शिक्षाका रूपमा विकास गर्न आवश्यक छ ।

नयाँ पाठ्यक्रमअघि कक्षा ९ र १० मा 'वातावरण, जनसङ्ख्या र स्वास्थ्य' अनिवार्य विषयका रूपमा पढाइन्थ्यो । अहिले यो विषय छैन। सन् २०२०/२१ मा 'वातावरण विज्ञान' कक्षा ९ देखि १२ सम्मका लागि ऐच्छिक विषयका रूपमा ल्याइएको छ । जलवायु शिक्षालाई सबै विद्यार्थीको सिकाइसँग जोड्ने विषयमा अब पुनर्विचार आवश्यक छ । जलवायु शिक्षा जस्तो विषय अब पाठ्यपुस्तकमा मात्र सीमित हुनु हुँदैन। विद्यार्थीले आफ्नै समुदायका बाढीपहिरो, डढेलो, अत्यधिक गर्मी वा पानीको अभाव जस्ता जोखिम पहिचान गर्न, जोखिम नक्सा बनाउन र विपत् पूर्वतयारी गर्न सिक्नु पर्छ। यसका लागि आवश्यक स्थानीय र व्यावहारिक पाठ्यसामग्रीको अझै अभाव छ ।

वातावरणीय सङ्कटलाई डरका रूपमा मात्र प्रस्तुत गर्नु पनि उचित हुँदैन। विद्यार्थीलाई प्रकृतिसँग घुलमिल हुन, त्यसलाई माया गर्न र संरक्षणमा योगदान गर्न प्रेरित गर्ने शिक्षा आवश्यक छ । यसले उनीहरूमा प्रकृतिप्रति जिम्मेवारीको भावना विकास गर्छ र भविष्यमा यसको संरक्षणका लागि सक्रिय बन्न प्रेरित गर्छ ।

अन्तर्राष्ट्रिय अभ्यासले पनि जलवायु शिक्षालाई व्यवहारसँग जोड्न जोड दिएको छ। फिनल्यान्डमा जलवायु र दिगोपनका विषयलाई विभिन्न विषयसँग एकीकृत गरिन्छ भने जापानमा विपत् शिक्षालाई नियमित अभ्यासका रूपमा अगाडि बढाइएको छ। युनेस्कोको 'ग्रिन स्कुल' अवधारणाले पानी, ऊर्जा, फोहोर व्यवस्थापन, हरियाली र समुदायको सहभागितालाई शिक्षासँग जोडेको छ । युनेस्कोको अध्ययनले ८८ देशका पाठ्यक्रममा जलवायु, वातावरण र दिगोपनका विषय समावेश भए पनि तिनको व्यावहारिक पक्ष कमजोर रहेको देखाएका छन् ।

नेपालले पनि जलवायु शिक्षालाई पाठ्यक्रममा समावेश गर्दै त्यसलाई विद्यार्थीको जीवन र स्थानीय समस्यासँग जोड्न आवश्यक छ । विद्यालयमा स्थानीय जोखिम, पानी, ऊर्जा, फोहोर व्यवस्थापन र जैविक विविधतासम्बन्धी परियोजना सञ्चालन गर्न सकिन्छ । शिक्षकलाई जलवायु जोखिम, विपत् पूर्वतयारी र परियोजनामा आधारित सिकाइबारे निरन्तर तालिम दिनु पर्छ। शिक्षक, विद्यालय, अभिभावक, स्थानीय सरकार, विश्वविद्यालय र समुदायबिचको सहकार्यबाट विद्यालयलाई स्थानीय जलवायु ज्ञान र समाधानको केन्द्र बनाउनु पर्छ।

शिक्षा मन्त्रालय पाठ्यक्रम परिमार्जनमा जुटिरहेका बेला जलवायु शिक्षालाई प्राथमिकतामा राख्ने यो अवसरलाई सार्थक बनाउन आवश्यक छ ।

### विश्वविद्यालय समाधानको केन्द्र

विद्यालयले चेतना र आधारभूत सिप विकास गर्न सक्छ भने विश्वविद्यालयले नयाँ ज्ञान, अनुसन्धान र समाधान निर्माण गर्नु पर्छ। क्याम्ब्रिज विश्वविद्यालयको 'क्याम्ब्रिज जिरो' र स्ट्यानफोर्ड विश्वविद्यालयको 'डोर स्कुल अफ सस्टेनेबिलिटी' जस्ता पहलले जलवायु अनुसन्धान, शिक्षा र नवप्रवर्तनलाई प्राथमिकता दिएका छन् । नेपालका विश्वविद्यालयले पनि यस्ता अभ्यासबाट सिक्दै स्थानीय जलवायु समस्यामा अनुसन्धान केन्द्रित गर्नु पर्छ

विद्यार्थी र अनुसन्धानकर्ताले हिमनदी, जलस्रोत, कृषि, स्वास्थ्य, पर्यटन, ऊर्जा, पूर्वाधार र सहरी विकासमा जलवायु परिवर्तनको प्रभाव अध्ययन गर्न सक्छन्। इन्जिनियरिङले जलवायु-उत्थानशील पूर्वाधार, सूचना प्रविधिले पूर्वसूचना प्रणाली र जोखिम नक्साङ्कन, व्यवस्थापनले हरित व्यवसाय, भूगोल तथा सामाजिक विज्ञानले जलवायु न्याय र विस्थापनका समाधान खोज्न सक्छन् । शिक्षा सङ्कायले प्रभावकारी जलवायु शिक्षाका नयाँ विधि विकास गर्न सक्छ ।

विश्वविद्यालयका अनुसन्धानलाई स्थानीय सरकार, समुदाय, विद्यालय र निजी क्षेत्रसँग जोडेर प्रयोगमा ल्याउन आवश्यक छ। विश्वविद्यालय समाजका वास्तविक जलवायु समस्याको समाधान खोज्ने अनुसन्धान र नवप्रवर्तनको केन्द्र बन्नु पर्छ ।

### शिक्षाको उद्देश्य बदल्ने समय

नेपाल लामो समयसम्म एउटै पाठ्यक्रम चलाइरहने र समयसापेक्ष रूपमा परिमार्जन नगर्ने परम्पराबाट अब बाहिर आउनु पर्छ। अबको शिक्षाले विद्यार्थीलाई जलवायु परिवर्तनका तथ्य कण्ठ गराउने होइन, बदलिँदो वातावरण बुझ्ने, जोखिम पहिचान गर्ने, समाधान खोज्ने र जिम्मेवार निर्णय लिन सक्ने बनाउनु पर्छ ।

जलवायु शिक्षाको उद्देश्यलाई ज्ञान, सिप र जिम्मेवारी तीन खण्डमा समेट्न सकिन्छ। ज्ञानले जलवायु परिवर्तनका कारण र प्रभाव बुझाओस् । सिपले जोखिम घटाउन, अनुकूलन गर्न र समस्या समाधान गर्न सिकाओस् । जिम्मेवारीले प्रकृति, समुदाय र भावी पुस्ताप्रति उत्तरदायी बनाओस्। यस्तो शिक्षा पाठ्यपुस्तकमा मात्र होइन, कक्षाकोठा, समुदाय, प्रयोगशाला र व्यवहारमा देखिनु पर्छ ।

हरेक विपत्ति रोक्न सकिँदैन तर त्यसबाट हुने क्षति घटाउन सकिन्छ । त्यसका लागि वैज्ञानिक अध्ययन, पूर्वसूचना, सुरक्षित पूर्वाधार, उचित योजना र सक्षम समुदाय आवश्यक हुन्छ । यी सबैका लागि आवश्यक ज्ञान, सिप र चेतना निर्माण गर्ने प्रमुख माध्यम शिक्षा हो ।

जलवायु परिवर्तनलाई अब पाठ्यक्रममा थपिएको एउटा अध्यायका रूपमा होइन, शिक्षाको समग्र दर्शन र अभ्यासकै हिस्सा बनाउनु पर्छ । विद्यालयले जलवायु जोखिम बुझ्ने र जिम्मेवार नागरिक तयार गर्नु पर्छ । शिक्षकले व्यावहारिक सिकाइलाई नेतृत्व गर्नु पर्छ र विश्वविद्यालयले स्थानीय समस्याको समाधान खोज्ने अनुसन्धानको केन्द्र बन्नु पर्छ ।

आज बालबालिकालाई हामीले दिएको जलवायु शिक्षा भोलिको समाजको सुरक्षा र उत्थानशीलतामा लगानी हो । भोटेकोशीले हामीलाई चेतावनी दिइसकेको छ। अब शिक्षालाई रूपान्तरण गर्दै जलवायु सङ्कटसँग जुध्न सक्ने ज्ञान, सिप र जिम्मेवारीले सुसज्जित पुस्ता तयार गर्ने समय आएको छ । **साभार: गोरखापत्र**



किस्ताबन्दिमा आफूले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत सुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने हुनछ। रकम तिर्दा ब्याज लाग्ने छैन तर सुरुमा रु.१००/- को शेयर रकम बापत लाग्नेछ। किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिकताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ। ग्राहकले बाँकी रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ।

# कांग्रेस महाधिवेशन : गठबन्धन नगर्ने, प्रधानमन्त्रीको कार्यकाल २ पटक मात्रै बनाउने गगन थापाको प्रस्ताव



काठमाण्डौ १८ असोज/नेपाली कांग्रेसका सभापति गगन थापाले १५औं महाधिवेशनमा पेश गर्नका लागि राजनीतिक प्रतिवेदन तयार पार्नुभएको छ ।

आउँदो चार वर्षका लागि कांग्रेसको वैचारिक, सङ्गठनात्मक र आर्थिक कार्यदिशा प्रस्तुत गरिएको यो प्रतिवेदनमा विगतका कमजोरीको निष्पक्ष आत्मसमीक्षा गरिएको छ ।

प्रतिवेदनमा पछिल्ला दुई दशकमा पार्टी उद्देश्यभन्दा पद र सत्तामा केन्द्रित भएको, भागबन्डा र गुटबन्दीले नैतिक धरातल कमजोर बनाएको तथा युवापुस्तासँगको दूरी बढेको यथार्थ स्वीकार गरिएको छ । नागरिकसँग औपचारिक रूपमा क्षमायाचना गर्दै पार्टीलाई पूर्णरूपमा पुनर्संरचना गर्ने प्रतिवेदनमा उल्लेख छ ।

मुख्य प्रस्तावहरूमा आउँदो चुनावदेखि कुनै पनि दलसँग गठबन्धन नगर्ने, आफ्नै एजेन्डा र उम्मेदवारसहित मतदातामा जाने नीति लिइएको छ ।

उम्मेदवार छनोटमा प्राथमिक चुनाव प्रणाली अपनाउने र प्रधानमन्त्रीको कार्यकाल दुई कार्यकालमा सीमित गर्न संवैधानिक पहल गर्ने प्रस्ताव छ ।

त्यस्तै संसद्मा ३८ सिटसहित सरकारका कामकारहीमाथि कडा निगरानी राख्न 'छायाँ सरकार' को अभ्यास गर्ने, न्यायपालिका र संवैधानिक निकायमा दलीय भागबन्डा नगर्ने सार्वजनिक प्रतिबद्धता जनाइएको छ ।

अर्थतन्त्रतर्फ निजी क्षेत्रलाई सहयात्रीका रूपमा लिँदै उत्पादन, उद्यम र रोजगारी सिर्जनालाई प्राथमिकता दिइएको छ ।

भ्रष्टाचार न्यूनीकरणका लागि आन्तरिक रूपमा स्वतन्त्र निकाय गठन गर्ने र पार्टी पदाधिकारीका लागि उच्च नैतिक मापदण्ड लागू गर्ने प्रस्ताव गरिएको छ ।

'समुन्नत नेपाल, सम्मानित नेपाली' को अवधारणासहित प्रस्तुत यो प्रतिवेदनले कांग्रेसलाई चुनावका बेला मात्र सक्रिय हुने दलबाट निरन्तर नागरिकसँग जोडिने राजनीतिक संस्थाका रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ ।

## रास्वपाको उम्मेदवार...

कदम चाल्ने निर्णय गरेको छ ।

यता रास्वपाको स्थानीय तह निर्वाचन केन्द्रीत अभियान असोज २० गतेदेखि सुरु हुँदैछ । रास्वपाले देशको सबै स्थानीय तहमा आफ्ना नेतालाई पठाउँदैछ । अभियानका लागि बारामा पूर्वमन्त्री बब्लु गुप्ता, दीपककुमार साह र प्रकाश गौतम आउँदैछन् ।

उनीहरुले स्थानीय तहमा पुगेर नागरिकहरूसँग उम्मेदवार छनोटको लोकतान्त्रिक विधिबारे छलफल गर्ने, पार्टीका आगामी योजना सार्वजनिक गर्ने र स्थानीय नेतृत्व चयनका विषयमा प्रत्यक्ष संवाद गर्ने बताइएको छ ।

## रास्वपापालिका...

गरेको थियो । त्यसयता जिल्ला अधिवेशनको नयाँ मिति नतोकिदा जिल्लामा निर्वाचित नेतृत्वको रिक्तता र पार्टी गतिविधिसमेत प्रभावित हुदैआएको कार्यकर्ताहरुले बताएका छन

महामन्त्री आचार्यलाई बुझाइएको पत्रमा बारा जिल्लामा १६ स्थानीय तह रहेकामा १५ स्थानीय तहमा वडा तथा पालिका अधिवेशन सम्पन्न भइसकेको उल्लेख छ । पार्टी विधानमा बाँकी पालिकाको अधिवेशन पछि सम्पन्न गर्ने व्यवस्था रहेको र सोही अनुसार जिल्ला अधिवेशनको मिति तत्काल घोषणा हुनुपर्ने पत्रमा दाबी गरिएको छ ।

पत्रमा रास्वपा बारामा लामो समयसम्म जिल्ला नेतृत्वविहीन हुँदा संगठन परिचालन, सदस्यहरूको गतिविधि, स्थानीय जनसरोकारका विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने कार्य तथा राजनीतिक गतिविधिमा असर परेको जनाइएको छ । जिल्ला अधिवेशनको मिति र स्थान तत्काल तोक्न, मतदाता तथा प्रतिनिधिको सूची पारदर्शी रूपमा सार्वजनिक गर्न, उम्मेदवारी दर्ता, मतदान र मतगणनाको प्रक्रिया अघि बढाउन तथा केन्द्रीय निर्वाचन आयोगबाट आवश्यक निर्वाचन संरचना गठन गरी अधिवेशन सञ्चालन गर्न माग गरिएको छ । पत्रमा जिल्लाको निजगढ, कोल्हबी, सिम्रौनगढ, महागढीमाई लगायत जिल्लाका सबै पालिकका सभापती, क्षेत्रीय सभापती लगायतले हस्ताक्षर गरेका छन ।

## सर्लाहीको बागमतीमा...

पाएपछि सवडिभिजन वन कार्यालय मूर्तियाको टोली घटनास्थलतर्फ गएको सर्लाहीका डिभिजन वन प्रमुख विनोद सिंहले जानकारी दिनुभयो । गाउँलेका अनुसार शनिबार राति ८ बजेतिर अचानक बस्ती नजिक हात्ती देखा परेको थियो ।

बिहान सोही हात्ती मृत अवस्थामा फेला परेको हो । सर्लाहीमा वन्यजन्तु आरक्ष तथा निकुञ्जबाट आउने गरेका छन् ।

# आयोजक सिमरा भेट्रान बिजयी



सिमरा १८ असोज/जीतपुरसिमरा महिला फुटबल प्रतियोगिताको उद्घाटन खेलमा आयोजक सिमरा भेट्रान क्लब विजयी भएको छ । सिमरा रंगशालामा शनिबार राती सम्पन्न खेलमा आयोजकले स्टार स्पोर्ट्स युवा क्लब माडी चितवनलाई ३(१ ले पराजित गर्दै विजयी सुरुवात गरेको हो ।

खेलमा आयोजक टोलीका लागि कल्पना जिम्बाले दुई गोल गरिन् भने रिया श्रेष्ठले एक गोल थपिन् । पराजित टोली स्टार स्पोर्ट्सका लागि निशा मगरले एक गोल फर्काएकी थिइन् ।

यसअघि प्रतियोगिताको उद्घाटन जीतपुरसिमरा उपमहानगरपालिकाका नगर उपप्रमुख भोलाप्रसाद अधिकारीले गरेका थिए । प्रतियोगिता अन्तर्गत आइतबार नेपाल पुलिस क्लब र फेयर फुटबल क्लब धरानबीच प्रतिस्पर्धा हुनेछ

भारतका दुईसहित आठ टोलीको सहभागिता रहेको प्रतियोगिताको विजेताले पाँच लाख ११ हजार रुपैयाँ र उपविजेताले दुई लाख ५५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

# अनुहार बदलेर हुँदैन, बदलाव ल्याउन राजनीतिक क्रान्ति आवश्यक छ : शंकर पोखरेल



काठमाडौँ, १८ असोज/नेकपा एमालेका महासचिव शंकर पोखरेलले बालेन्द्र शाह नेतृत्वको सरकारले पनि जनतामा आशा ल्याउन नसकेको आरोप लगाउनुभएको छ ।

उहाँले इतिहासमै राष्ट्रियता कमजोर भएको पनि बताउनुभयो । नेपाली कांग्रेसको १५ औँ महाधिवेशनलाई शुभकामना मन्तव्य दिँदै उहाँले दलहरू राष्ट्रियताका पक्षमा एकठाउँमा उभिनुपर्ने भएको भनाइ राख्नुभयो ।

'अनुहार बदलेर हुँदैन, बदलाभ ल्याउन नयाँ राजनीतिक क्रान्तिको आवश्यकता छ,' पोखरेलले भन्नुभयो, 'रास्वपाका सभापति रवि लामिछानेले राजनीतिक दलहरूलाई एक ठाउँमा ल्याउनका लागि निरन्तर प्रयत्न गर्नुहुन्छ, राष्ट्रिय मुद्दाहरूमा । तर सरकार राजनीतिक दलहरूसँग संवाद गर्दैन । सरकार संसद्सँग संवाद गर्दैन,' पोखरेलले भन्नुभयो, 'नागरिकसँग संवाद गर्दैन । सरकार चुनौतीको सामना गरेर जाने कुरामा संकल्प गर्न सक्दैन ।'

यस्तो अवस्थामा भविष्यका प्राकृतिक विपद् र संकटलाई कसरी सामना गर्छौं भन्ने कुरा अत्यन्तै चिन्ताको विषय रहेको पोखरेलको भनाइ छ ।

'चिन्ता लोकतन्त्रको भविष्यमाथि पनि शंका उब्जिएको छ । जनताले विश्वास गरेर निर्वाचित गरेको प्रधानमन्त्री आफैंले चुनेको संसदीय दललाई चिन्नुहुनछ, संसद्लाई सुन्नुहुन्न, जनताको कुरा सुन्नुहुन्न,' उहाँले थप प्रश्न गर्दै भन्नुभयो, 'यस्तो अवस्थामा लोकतन्त्रको भविष्यतर्फ हामी हिंड्दैछौं कि स्वेच्छाचारी शासनतर्फ हामी हिंड्दैछौं भन्ने प्रश्न उठिरहेको बेलामा लोकतन्त्रका लागि लडेको नेपाली कांग्रेस लोकतन्त्रको रक्षाका प्रश्नमा कसरी अघि बढ्छ भन्ने महत्त्वपूर्ण प्रश्न बनेको छ ।'

## मिथिलाका महिलाको...

जिमुतवाहनको कथा श्रवण गर्छन्। स्थानीय परम्पराअनुसार ज्येष्ठ महिलाले कथा सुनाउने र तन्नेरी महिलाले श्रवण गर्ने चलन छ । व्रत बस्नुअघि 'ओङ्ठन' गर्ने तथा व्रतका क्रममा चिल र स्यालको कथा सुन्ने परम्परासमेत रहेको पण्डित इन्द्रकान्त झा शास्त्री बताउनुहुन्छ ।

जितिया पर्वमा आँगनमा गाईको गोबरले लिपपोत गरी सानो पोखरी बनाउने, त्यसको डिलमा पाकडीको हाँगा गाड्ने र हाँगामा माटोको चिल तथा त्यसको मुनि स्यालको आकृति बनाएर पूजा गर्ने चलन छ । जलले भरिएको कलशमा कुशबाट बनाइएको जिमुतवाहनको प्रतीक राखी फलफूलसहित पूजा गरिन्छ ।

धार्मिक मान्यताअनुसार जितिया व्रतको सम्बन्ध राजा शालिवाहनका पुत्र जिमुतवाहनसँग जोडिएको छ । जिमुतवाहनको व्रत र उपासनाबाट सन्तानको दीर्घायु हुने धार्मिक विश्वासका कारण महिलाले सन्तानको कल्याणका लागि यो व्रत बस्दै आएको बताइन्छ ।

जितियासँग जोडिएको चिल र स्यालको कथाले व्रतको कठोरता र अनुशासनलाई झल्काउँछ। धार्मिक कथाअनुसार चिल र स्यालले समेत जितिया व्रत बस्ने संकल्प गरेका थिए । तर स्यालले व्रतको नियम उल्लङ्घन गरेपछि त्यसको परिणाम सन्तानसँग जोडिएको कथामा उल्लेख छ । यही कारण जितिया व्रतलाई 'खर जितिया'समेत भन्ने गरिएको छ ।

व्रतको अघिल्लो दिन सधवा महिलाले माछा र कोदोको रोटी खाने परम्परा छ । शाकाहारी महिलाले गम्हरीको खीर वा भात खाने गर्छन् । अष्टमीको बिहानै उठेर स्नान तथा पूजापाठ गरेपछि व्रत सुरु हुन्छ । दिनभरि निराहार बस्ने महिलाले भोलिपल्ट बिहान स्नान तथा पूजा सम्पन्न गरेपछि व्रत तोड्ने गर्छन् ।

जितिया पर्व थारू समुदायका महिलामाझ पनि उत्तिकै लोकप्रिय छ । थारू समुदायमा विवाहित महिलाले सन्तान र पतिको सुख(शान्तिको कामना गर्दै तीन दिनसम्म विभिन्न विधिसहित पर्व मनाउने गर्छन् । पर्वका क्रममा चिल र स्यालको पूजा, जिमुतवाहनको कथा श्रवण तथा नाचगान गर्ने परम्परा रहेको छ ।

जितियालाई मिथिला क्षेत्रमा दसैं आगमनको संकेतका रूपमा समेत लिइन्छ। स्थानीय जनजीवनमा प्रचलित भनाइ 'जितिया, दशैं, दशमी'ले जितियापछि क्रमशः दसैं, दीपावली र छठ पर्व आउने सांस्कृतिक क्रमलाई जनाउँछ ।

पछिल्लो समय जितिया सन्तानको कल्याणका लागि मात्र नभई महिला, परिवार, पितृ र सामाजिक सम्बन्धसँग जोडिएको महत्वपूर्ण सांस्कृतिक पर्वका रूपमा स्थापित हुँदै गएको छ । पर्वले मिथिलाको मौलिक संस्कृति, धार्मिक आस्था र महिलाको सामाजिक( सांस्कृतिक भूमिकालाई पुस्तान्तरण गर्दै आएको छ ।





# जनमत पार्टीको अध्यक्षतामा सिके राउत निर्वाचित, सचिवमा बाराका पारसप्रसाद साह बिजयी

वीरगञ्ज, १८ असोज/जनमत पार्टीको अध्यक्षमा पुनः डा. सीके राउत निर्वाचित हुनुभएको छ ।

वीरगञ्जमा आज सम्पन्न दोस्रो महाधिवेशनमा नेतृत्व चयनका लागि भएको निर्वाचनमा राउत ९ सय ५८ मतसहित अध्यक्षमा निर्वाचित हुनुभएको हो ।

निर्वाचनमा २६ पदाधिकारीसहित ९९ जना उम्मेदवारका लागि मतदान भएको थियो । अध्यक्ष पदमा डा. राउतको मात्र उम्मेदवारी परे पनि पार्टी विधानअनुसार उम्मेदवारले कुल सदर मतको कम्तीमा २० प्रतिशत मत ल्याउनुपर्ने प्रावधान भएकाले राउतको पक्षमा पनि मतदान भएको थियो ।



यसैगरी उपाध्यक्षमा माधवप्रसाद सिंह (पर्सा), बसन्तकुमार कुशवाहा (रौतहट), डा. जयकान्त राउत (सप्तरी), राजयकुमार यादव (सिरहा), अनिताकुमारी मण्डल (सिरहा), अनितादेवी साह (धनुषा) र नरेन्द्रप्रसाद चौधरी (कपिलवस्तु) विजयी भएका छन् । उपाध्यक्ष पदमा ११ जना प्रतिस्पर्धामा थिए ।

महासचिव पदमा सञ्जयकुमार यादव (सिरहा) निर्वाचित हुनुभएको छ । यादव ६१८ मतसहित विजयी हुनुभएको हो । महासचिवका लागि ममता झा र चन्दनकुमार सिंहले पनि उम्मेदवारी दिएका थिए । झाले दुई सय २० र सिंहले एक सय ६५ मत पाए । उनीहरुले २० प्रतिशत थ्रेसहोल्ड कटाउन नसकेको जनमत पार्टीले जनाएको छ ।

उपमहासचिव पदमा सिरहाका निर्मलकुमार मण्डल ५०१ मतसहित विजयी हुनुभयो । उहाँका प्रतिस्पर्धी रौतहटका ललितचन्द्र मल्लिक चार सय १४ मत पाउँदै पराजित हुनुभयो ।

सचिव पदमा बाराका पारसप्रसाद साहसहित, सुरेन्द्र शर्मा, सन्तोष राज सहनी, अन्जनी देवी, राधाकुमारी यादव, हरेन्द्र चौधरी र बालगोविन्द चौधरी निर्वाचित भएका छन् ।

सात जना सचिवका लागि ९ जना चुनावी मैदानमा थिए। बाराका रामबाबु साह र महोत्तीका वीरेन्द्र महतो पराजित भए ।

यसैगरी कार्यकारिणी सदस्यमा बाराबाट चार जना निर्वाचित भएका छन्। निर्वाचित हुनेमा शिवनाथ पटेल, सन्तोष पटेल, बिजय गुप्ता, सुरेश प्रसाद र गजानन्दप्रसाद यादव रहेका छन ।

बाराका विकासकुमार सिंह, राजकुमार कुशवाहा, लक्ष्मीकान्त गुप्ता, राजेश साह, राजु प्रसाद साह, सदाम अन्सारी र फिरोज अन्सारी पराजित भएका छन् ।

# जीतपुरसिमरा-१६ मा खेलकुद सामग्री वितरण



सिमरा, १८ असोज/ जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १६ का वडा अध्यक्ष हरिदेव खरेलले महेन्द्रनगर युवा क्लबसहित वडाभित्रका अन्य क्लब तथा खेलाडीहरूलाई खेलकुद सामग्री वितरण गर्नुभएको छ ।

वडाका युवा र खेलाडीहरूलाई खेलकुदप्रति थप आकर्षित गर्न र उनीहरूको हौसला बढाउन खरेलले सामग्रीहरू प्रदान गर्नुभएको हो ।

वडा अध्यक्ष खरेलले खेलकुदका माध्यमबाट वडाको नाम अन्तर्राष्ट्रिय जगतमा उच्च बनेको बताउनुभयो । उहाँले वडा नम्बर १६ की गङ्गा घिमिरेले हालै जापानमा सम्पन्न एसियाली खेलकुद (एसियन गेम्स) अन्तर्गत कबयीमा नेपालको तर्फबाट कास्य पदक जितेर वडा र देशकै इज्जत बढाएको भन्दै प्रशंसा गर्नुभयो ।

उहाँले फुटबल खेलको माध्यमबाट पनि भविष्यमा वडाले खेलकुद क्षेत्रमा ठूलो प्रगति हासिल गर्ने विश्वास व्यक्त गरेका छन् । खेलकुदको विकासले युवाहरूलाई कुलतबाट टाढा राख्न मद्दत पुग्ने वडा अध्यक्ष खरेलको भनाइ थियो

# मधेसमा अघिल्लो दुई महिनामा करेन्ट लागेर ३९ जनाको ज्यान गयो

जनकपुरधाम, १८ असोज/मधेस प्रदेशमा विद्युतीय करेन्टका कारण हुने मानवीय क्षति बढ्दै गएको छ। चालु आर्थिक वर्षको पहिलो दुई महिनामा ३९ जनाले करेन्ट लागेर ज्यान गुमाएका छन् ।



मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशभरि गत साउन र भदौ महिनामा करेन्ट सम्बन्धी १०७ वटा घटनामा ३९ जनाको मृत्यु भएको हो। विद्युतका काम गर्दा विद्युतीय तार, उपकरण तथा विद्युत् प्रवाहसँग सम्बन्धित काममा सावधानी नअपनाउँदा मानवीय क्षति बढेको प्रहरीको भनाइ छ । करेन्टसँग सम्बन्धित अधिकांश घटना सिँचाइ गर्ने मोटर, घरायसी मोटर तथा अन्य घरायसी कामका क्रममा भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार विद्युत् तथा आगलागीसँग सम्बन्धित घटनामा पूर्वसावधानी र सजगता नअपनाउँदा मानवीयसँगै भौतिक क्षति बढेको हो ।

मधेस प्रदेशमा साउन र भदौ महिनामा भएका विभिन्न ४५९ विपदका घटनामा ९२ जनाको मृत्यु भएको छ। विपदका कारण ४७ पुरुष, १९ महिला तथा २६ जना बालालिकाले अकालमै ज्यान गुमाएका छन् ।

यो अवधिमा सबैभन्दा बढी मृत्यु विद्युतीय तारबाट प्रवाह हुने करेन्ट लागेर भएको हो । करेन्ट लागेर ३९ जनाले ज्यान गुमाएका छन् भने पानीमा डुबेर २९ जनाको मृत्यु भएको छ । जंगली जनावरको आक्रमणबाट ५, चट्याङ लागेर ३ तथा आगलागीमा परेर एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । त्यस्तै प्रदेशभरि अन्य विपदका घटनामा १३ जनाले ज्यान गुमाएका छन् ।

प्रहरीको उजुरी तथ्याङ्कमा चालु आर्थिक वर्षको पहिलो दुई महिनामा आगलागीका घटना ११२ वटा भएको उल्लेख छ । त्यस्तै पानीमा डुब्ने ३७, जंगली जनावरको आक्रमणका २३, बाढीका १२ तथा चट्याङका १० घटना भएका छन् । विपदका कारण दुई महिनामा मानवीय क्षतिसँगै भौतिक सम्पत्तिमा पनि ठुलो क्षति भएको प्रहरीको भनाइ छ ।

प्रहरीका अनुसार यो अवधिमा भएका ४५९ विपदका घटनामा २ करोड ९२ लाख ४७ हजार ५५५ रुपैयाँ बराबरको भौतिक सम्पत्ति नष्ट भएका छन् । भौतिक सम्पत्तितर्फ सबैभन्दा बढी क्षति आगलागीबाट भएको छ । आगलागीकै कारण २१२ वटा घर जलेका छन् । आगलागीका घटनाबाट मात्रै २ करोड ७० लाख १३ हजार ३५० रुपैँया बराबरको क्षति भएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले बताउनुभयो ।

त्यस्तै, बाढी तथा पहिरोबाट ११ लाख ९० हजार रुपैयाँ, चट्याङबाट ३ लाख, जंगली जनावरको आक्रमणबाट २ लाख ७२ हजार र अन्य विभिन्न विपदका घटनाबाट थप ४ लाख ६३ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ ।

वर्षायाममा सम्भावित विपद्को पूर्वसूचना मौसम विभागले सम्भावित क्षेत्रका लागि जारी गर्ने भएकाले बाढीपहिरोको जोखिममा रहेका क्षेत्रमा प्रहरीले सचेतता बढाउँदा ठुलो क्षति हुनबाट जोखिएको प्रहरीको भनाइ छ ।

# वीरगञ्ज-रक्सौल सीमामा ११ किलो चरेससहित नेपाली नागरिक पक्राउ



वीरगञ्ज, १८ असोज/वीरगञ्ज( रक्सौल नाकास्थित मितेरी पुलबाट ११ किलोभन्दा बढी अवैध लागूऔषध चरेससहित एक नेपाली नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका छपकैयाका ३९ वर्षीय अमर चौधरी रहेका छन् ।

वीरगञ्ज नाका हुँदै भारततर्फ ठूलो परिमाणमा लागूऔषध ओसारपसार भइरहेको सूचनाका आधारमा एसडीपीओ मनिषकुमार आनन्दको नेतृत्वमा भारतीय प्रहरी र सशस्त्र सीमा बल (एसएसबी) को संयुक्त टोलीले शनिबार साँझ सीमा क्षेत्रमा विशेष चेकजाँच सञ्चालन गरेको थियो ।

जाँचका क्रममा वीरगन्जबाट रक्सौलतर्फ जाँदै गरेको शंकास्पद ई( रिक्सालाई रोकेर खानतलासी गर्दा बोराभित्र २२ वटा कालो प्लास्टिकका प्याकेटमा लुकाएर राखिएको ११ किलो २४६ ग्राम चरेस बरामद भएको भारतीय सुरक्षा निकायले जनाएको छ

चरेस र ई(रिक्सासहित पक्राउ परेका चौधरीलाई आवश्यक कानुनी कारबाहीका लागि रक्सौलस्थित हरैया थानाको जिम्मा लगाइएको छ ।

# सर्लाहीको बागमतीमा जंगली हात्ती मृत फेला



सर्लाही, १८ असोज/सर्लाहीको बागमती नगरपालिका( ४ मा आइतबार बिहान हात्ती मृत अवस्थामा फेला परेको छ ।

बागमती नगरपालिकाका कार्यवाहक नगरप्रमुख कृष्णकुमार लामाका अनुसार ब्रह्मबाबा सामुदायिक वन नजिकै परबलबारीमा भाले हात्ती मृत अवस्थामा फेला परेको हो। हात्तीको सुँढलगायत शरीरका केही भागमा चोटपटक देखिएको कार्यवाहक नगरप्रमुख लामाले बताउनुभयो ।

हात्ती मृत फेला परेको जानकारी

बाँकी तेश्रो पेजमा

# रास्वपाको उम्मेदवार छनोट समितिमा बारा-४ का सांसद अन्सारी मनोनीत

सिमरा, १८ असोज/बारा क्षेत्र नं. ४ का सांसद रहबर अन्सारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय उम्मेदवार छनोट समितिको सदस्यमा मनोनित हुनुभएको छ। सभापति रवी लामिछानेको सभापतित्वमा बसेको बैठकले महामन्त्री विपिन आचार्यको नेतृत्वमा समिति गठन गर्दै अन्सारीलाई सदस्य मनोनित गरेको हो ।



समितिमा अन्सारीसँगै तोसिमा कार्की, कविन्द्र बुर्लाकोटी, मिलन लिम्बू, सुशान्त वैदिक, टाँसी ल्हाजोम र जनक सिंह धामी पनि सदस्य छन्। समितिमा पार्टीका सातै प्रदेशका सभापतिहरू पदेन सदस्य रहनेछन् ।

यसैगरी बैठकले रास्वपाका सहमहामन्त्री हरि ढकाल संयोजकत्वको कार्यदलले मधेस प्रदेश संगठनको समस्या तथा समाधानसम्बन्धी तयार पारेको विस्तृत अडिट प्रतिवेदन सभापति लामिछानेलाई बुझाएको छ। उक्त प्रतिवेदनको अध्ययनपछि पार्टीले मधेस प्रदेशमा आवश्यक सांगठनिक

बाँकी तेश्रो पेजमा

# मिथिलाका महिलाको कठोर जितिया सम्पन्न



महोत्तरी, १८ असोज/सन्तानको दीर्घायु, सुख(शान्ति र पारिवारिक कल्याणको कामना गर्दै महोत्तरी सहित समस्त मिथिलाका महिलाले मनाउने कठोर जितिया पर्व आइतबार धार्मिक तथा सांस्कृतिक विधिअनुसार सम्पन्न भएको छ ।

आश्विन कृष्ण अष्टमीका दिन मनाइने यो पर्वमा व्रतालु महिलाले निराहार तथा निर्जल उपवास बसेर भगवान् जिमुतवाहनसँगै चिल र स्यालको पूजा गर्ने परम्परा छ ।

जितियालाई मिथिलाञ्चलमा अत्यन्त पवित्र र कठिन व्रतका रूपमा लिइन्छ। तीन दिनसम्म विभिन्न विधि पूरा गरी मनाइने जितिया पर्वअन्तर्गत शुक्रबार राति 'ओगटन' खाएर महिलाले व्रत सुरु गरेका थिए ।

शनिबार पानीसमेत नखाई निराहार व्रत बसेका महिलाले आइतबार नुहाइधुवाइ गरी व्रत समापन गरेका हुन् । पर्वको अन्तिम दिन विधिपूर्वक फलाहार वा अन्नग्रहण गरी व्रत समापन गर्ने परम्परा छ ।

व्रतका क्रममा महिलाले भगवान्

बाँकी तेश्रो पेजमा

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३